# चट्याङ के हो ?

चट्याङ वायुमण्डलका कुनै दुई क्षेत्रबीच हुने अचानक विद्युतीय प्रवाह हो, जसका कारण क्षणिक र तिव्र प्रकाशका साथै ठूलो ध्वनि (गर्जन) उत्पन्न हुन्छ। बादल भित्रका स-साना बरफ र चिसो पानीको घर्षणबाट विद्युतीय चार्ज उत्पन्न हुन्छ र सोही चार्जको असन्तुलनको कारण चट्याङको उत्पत्ति हुन्छ। जलवायु परिवर्तनका कारण जमिन छिटो तात्ने तथा सेलाउने गर्नाले चट्याङको घटना बढाउने वैज्ञानिकहरुको ठहर छ। जलवायु परिवर्तनको बढी असर गर्ने नेपालमा पछिल्लो समय बढी चट्याङ पर्नेमा तीन ठाउँ देखिएका छन्। बंगालसँग नजिक झापाको पूर्वी भाग, नवलपरासीको नारायणी किनार क्षेत्र र हेटौंडा वरपरको चुरे क्षेत्रमा बढी चट्याङ पर्ने गरेको एक अध्ययनले देखाएको छ। तर नेपालका सबैजसो क्षेत्रमा चट्याङका घटनाहरु हुने गरेको पाइएको छ।

विश्वमा चट्याङका तीन मुख्य चिम्नी भनेर अफ्रिकी सहारा मरुभूमि, मध्य अमेरिका र दक्षिण-पूर्वी एशिया मानिन्छन्।

चट्याङबाट उत्पन्न हुने विद्युतीय तरङलाई प्रवाह हुनको लागि छोटो तथा सजिलो बाटो उपयुक्त हुन्छ। त्यसैले जमिनमा रहेका अग्ला संरचनाहरु जस्तै टावर, रुख, अग्ला घरहरु आदिमा बढी चट्याङ पर्ने गर्छ। चट्याङले नेपालमा बर्षेनी औषत करिब ५५ जनाको ज्यान लिने गरेको छ। विभिन्न पत्रपत्रिकाको खबर अनुसार चट्याङबाट २०७० सालको प्रि-मनसुन दुई महिनामा नेपालका विभिन्न स्थानमा हेर्दा ४६ जनाको ज्यान गइसकेको छ भने पोष्ट-मनसुन सम्ममा यो संख्या गत

## चट्याङबाट हुने क्षति:

१. मानव तथा अन्य प्राणीहरुले ज्यान गुमाउन वा घाइते हुन सक्छन्।
२. भवन तथा अन्य संरचनाहरुमा क्षति हुन सक्छ।
३. घरमा प्रयोग हुने विद्युतीय उपकरणहरु जस्तै टिभी, फ्रिज, कम्प्यूटर, फोन तथा अन्य विद्युतीय उपकरणहरु आदिमा क्षति हुन सक्छ।
४. पुरातात्विक महत्वका भवनहरुमा क्षति हुन सक्छ।
५. अग्ला दुरसंचारका टावर, विद्युतीय प्रशारण स्टेशन, ट्रान्सफर्मर आदिमा क्षति हुन सक्छ।

## चट्याङका कारण

- विश्वमा प्रतिवर्ष करिब २००० जनाले ज्यान गुमाउँछन्।
- ज्यान गुमाउनेको संख्या भन्दा करिब ३ गुणा बढी घाइते हुन्छन्।
- मर्ने मानिसहरुको संख्याको करिब ५ गुणा बढी संख्यामा जनावरहरुले ज्यान गुमाउँछन्।
- चट्याङको घटनाबाट बच्न सफल मानिसहरुमा पनि विभिन्न किसिमका दिर्घकालीन लक्षणहरु जस्तै सम्झन सक्ने शक्तिमा ह्रास, अन्धोपन, बहिरोपन लगायतका विभिन्न अपाङ्गता हुनपुग्छ।
- अग्ला संरचनाहरु प्रभावित भइ तिनीहरुमा क्षति हुन पुग्छ र अरबौं रुपैयाँ बराबरको धनको क्षति हुन्छ।

२०६९ साल र २०७० साल को असार १० गते सम्म का चट्यांग का घटनाहरु:

| ऋतु | बसन्त (चैत्र-बैशाख) | ग्रीष्म (जेष्ठ-असाढ) | वर्षा (श्रावण-भाद्र) | शरद् (अशोज-कार्तिक) | हेमन्त (मंसिर-पौष) | शिशिर (माघ-फाल्गुण) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| मृत्यु संख्या | ४० | ४४ | २५ | ५ | - | २६ | १४० |
| घाइते संख्या | १३९ | ४६ | २५ | ६ | - | ५७ | २७३ |

राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र, गृह मन्त्रालय

# चट्याङको बेला घरबाहिर भएको अवस्थामा अपनाउनु पर्ने सुरक्षाका उपायहरु


## गर्न नहुने कुराहरु




यदि तपाईं जंगलमा हुनुहुन्छ भने अग्लो तथा एउटामात्र रुख भएको स्थानमुनि ओत नलाग्नुस्।









चट्याङको बेला माछा मार्ने, पौडी खेल्ने तथा डुंगा चढ्ने कार्य नगर्नुस्, किनकि डुंगामा रहँदा तपाईं वरिपरीको वस्तुहरुको तुलनामा अग्लो हुने भएको कारणले चट्याङको जोखिममा हुनुहुन्छ।



पहाडको चुचुरोमा तथा हिमाल जस्ता अग्ला ठाउँहरुमा नबस्नुस्।

खुला तथा समथल जमिनमा नरहनुस् साथै त्यस्ता ठाउँमा बस्नु परेमा जमिनमा नपल्टनुस्।






धातुका तारबारहरुको नजिक नबस्नुस्।

चट्याङको बेला मानिसहरुको समूहमा नबस्नुस्।





घर बाहिर खेलिने खेलहरु जस्तै फुटबल, क्रिकेट, भलिबल, गल्फ आदि खेल्न बन्द गर्नुस्।


खेत तथा बारीको काम तुरुन्त बन्द गरी सुरक्षित स्थान तर्फ लाग्नुस्।






यदि तपाई छत नभएका सवारी साधनहरु जस्तै मोटर साइकल, ट्याक्टर आदि चलाउँदै हुनुहुन्छ भने त्यसलाई तुरुन्त बन्द गरी सकेसम्म चाँडो नजिकैको सुरक्षित स्थानतर्फ लाग्नुस्।






## गर्नुपर्ने कुराहरु


होचो तथा धेरै रुखहरु भएको स्थानमुनि ओत लाग्नु तुलनात्मक रुपमा सुरक्षित हुन्छ।



घरपालुवा जनावरहरु जस्तै गाई, बाख्रा आदिलाई तुरुन्त सुरक्षित स्थानतर्फ लैजानुस्।



नजिकैको घर तथा हाई भोल्टेजका विद्युतीय प्रशारण तारहरु भए त्यसको मुनि बस्नुहोस्।



यदि खुला तथा समथल जमिनमा हुनुहुन्छ भने दुई घुँडाको बिचमा टाउको लुकाइ टुक्रुक्क बस्नुहोस्।




यदि धातुका तारबारको नजिक हुनुहुन्छ भने तुरुन्त त्यसबाट पर सुरक्षित स्थानमा जानुस्।


यदि चट्याङको प्रकाश देखेपछि गर्जनको आवाज सुन्दासम्म १ देखि ३० सम्म गन्ति गर्न सक्नु हुन्छ भने सम्झनुस् कि चट्याङ नजिकिँदै छ त्यसैले तुरुन्त सुरक्षित स्थानतर्फ लाग्नुस्।

घर तथा पूर्ण रुपमा ओत भएको सवारी साधनहरु चट्याङको बेलामा अत्यन्त सुरक्षित स्थानहरु हुन्।






# चट्याङ
## सुरक्षाका उपायहरु



गत बर्ष नेपालमा सम्पूर्ण प्राकृतिक विपदबाट मृत्यु हुनेको संख्या ४५३ पुग्यो ।

**त्यसमध्ये चट्याङबाट मृत्यु हुनेको संख्या १५१ पुग्यो !!**


(३ वैशाख २०६९ - २३ चैत्र २०६९, गृह मन्त्रालय)




मेघको गर्जन रोकिएको करिब ३० मिनेटसम्म घरभित्रै बसौं।

## चट्याङको बेला घरभित्र भएको अवस्थामा अपनाउनु पर्ने सुरक्षाका उपायहरु

### गर्न नहुने कुराहरु



चट्याङको बेला विद्युतीय उपकरणहरुको प्रयोग नगर्नुस् ।



तार जडित टेलिफोन को प्रयोग नगर्नुहोस् ।





झ्यालढोका खुला नछोड्नुस् साथै झ्यालढोका वा भित्तामा टाँसिएर नवस्नुस्



सिधै धाराबाट नुहाउने, भाँडा माझ्ने, हात धुने जस्ता कार्य नगर्नुहोस् ।

### गर्नुपर्ने कुराहरु



विद्युतीय उपकरणहरु जस्तै टिभी, फ्रिज, कम्प्यूटर आदिलाई बन्द गर्नुहोस् ।



फोन सेवा प्रयोग गर्नै परेमा मोबाइल वा तारररहित फोनको मात्र प्रयोग गर्नुहोस् ।




चट्याङ बन्द भएको करिब ३० मिनेटसम्म घरबाट बाहिर ननिस्कनुहोस् ।

पानीको प्रयोग गर्नु परेमा बाल्टिन वा ट्याङ्कीमा संकलित पानीको प्रयोग गर्नुस् ।

## उपयुक्त किसिमबाट निर्मित चट्याङ निरोधी प्रविधियुक्त घरहरु सबैभन्दा सुरक्षित स्थान

घरहरुमा राखिने चट्याङको तरङ्ग संवाहकहरु धातुबाट बनेका अग्ला तथा चुच्चो परेका वस्तुहरु हुन् । जसलाई तारको माध्यमबाट जमिनसँग जोडिएको हुन्छ । तिनीहरुको जडानको मुख्य उद्देश्य चट्याङबाट आउने विद्युतीय तरङ्गलाई आफूतिर आकर्षित गरेर सुरक्षित रुपमा जमिनमा पुर्‍याउनु हो । जसबाट हाम्रा संरचनाहरु र त्यसभित्र बस्ने मानिसहरु चट्याङको नकारात्मक असरबाट बच्न सफल हुन्छन् । जब चट्याङ यस्ता तरङ्ग संवाहक धातुका वस्तुहरुमा ठक्कर खान्छ घरभित्र रहेका मानिसहरुले ठूलो, छोटो र तिखो थप्पडीको आवाज जस्तो सुनिने ध्वनी सुन्दछन् । यसको मतलब चट्याङबाट आएको विद्युतीय तरङ्गहरु जमिनतर्फ जदिछन् भन्ने बुझिन्छ । यो प्रविधि जडित घरहरु चट्याङको नकारात्मक असर र सोबाट हुनसक्ने क्षति रोक्नका लागि अत्यन्तै सुरक्षित, सस्तो र भरपर्दो प्रविधि भएका कारणले विश्वका धेरै देशका नवनिर्मित घरहरुमा मानिसहरुको बसोबास पूर्व यो प्रविधि जडान गर्न अनिवार्य मानिन्छ ।



## यदि कोही व्यक्ति चट्याङबाट घाइते भयो भने के गर्ने ?

- सर्वप्रथम घाइतेको श्वास प्रश्वास निरिक्षण गरी आवश्यक परे कृत्तिम श्वास प्रश्वास गराउनुहोस् ।
- चोटपटक लागेको छ भने प्राथमिक उपचार गराउनुहोस् ।
- घाइतेहरुलाई जतिसक्दो चाँडो नजिकैको स्वास्थ्य संस्थामा लैजानुहोस् ।
- स्मरण रहोस् चट्याङमा परेको मानिसको अवस्था करेन्ट लागेको मानिसको अवस्थासँग दुरुस्तै मेल खाने हुँदा घाइतेको उपचार विधि पनि करेन्ट लागेको मानिसको उपचार जस्तै हुन्छ ।
- चट्याङबाट घाइते भएको मानिसको शरीरमा कुनै पनि विद्युतीय चार्ज संकलित रहँदैन त्यसैले उसलाई छुनबाट नडराउनुहोस् ।

विपद व्यवस्थापन शाखा
गृह मन्त्रालय
नेपाल सरकार
फोन : ९७७ १ ४२११२०० र ४२११२८२
वेबसाइट: http://www.moha.gov.np

उत्थानशील विकाश केन्द्र (CoRD)
पो ब न १६८२, पुल्चोक, ललितपुर
फोन : ९७७ १ ५०१०२६८ र ५०१००३
वेबसाइट : www.cordvia.org
इमेल: info@cordvia.org

बृहत्तर विपद जोखिम व्यवस्थापन कार्यक्रम, (सीडीआरएमपी), यु.एन.डि.पि
पुल्चोक, ललितपुर
फोन : ९७७ १ ५०१००५८/६०/६४
वेबसाइट : www.np.undp.org
www.cdrmp.org.np
इमेल : cdrmp.np@undp.org

प्रकाशित मिति: आषाढ २०७०